पाख्रीबास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
पाख्रीबास, धनकुटा
२०७३

प.सं. :- २०८१।०८२
च.नं. :-

कोशी प्रदेश, नेपाल

मिति : २०८१।११।०८

## न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दर्ता गर्नेसम्बन्धी सूचना ।

प्रत्येक व्यक्तिको रोजगारीको हक प्रत्याभूत गराउन रोजगारीको हकसम्बन्धी (दोश्रो संशोधन) नियमावली, २०७७ को नियम ७(१) र प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका, २०७५ को दफा १८(१) बमोजिम आर्थिक तथा सामाजिक अवसरबाट बञ्चित वेरोजगार व्यक्तिहरुलाई आगामी आ.व. २०८२।०८३ मा प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत सञ्चालन गरिने योजनाहरुमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिहरुले आफू स्थायी बसोबास गरिरहेको वडा कार्यालयमा मिति २०८१ फागुन मसान्तभित्र तोकिएको ढाँचामा आवेदन फाराम भरी पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

**बेरोजगार व्यक्ति सूचीकरणसम्बन्धी मापदण्ड:**

१. आवेदन दिने व्यक्ति १८ देखि ५९ वर्ष उमेर समूहको हुनु पर्ने,
२. निवेदन दिंदाको मितिसम्म सोही आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारमा संलग्न नभएको हुनु पर्ने,
३. स्वःरोजगारमा संलग्न व्यक्तिको हकमा निवेदन दिंदाको मितिसम्म सोही आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारीवापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आय भन्दा कम आय भएको हुनु पर्नेछ,
४. यस अघिको आ.व.मा निवेदन दिई बेरोजगार सूचीमा भएका बेरोजगार व्यक्तिहरुले पुनः सूचीकृत हुन चाहेमा नविकरणका लागि निवेदन दिनु पर्नेछ ।

**आवश्यक कागजातहरु:**

१. निवेदन दिने व्यक्तिको नागरिकता प्रमाणपत्रको छाँयाप्रति,
२. निवेदन दिने व्यक्तिको एकाघर परिवारको सबै सदस्यहरुको नागरिकताको प्रमाणपत्रको छाँयाप्रति (नाबालकको हकमा जन्म दर्ता प्रमाणपत्रको छाँयाप्रति),
३. हालसालै खिचेको पासपोर्ट साइजको फोटो १ (एक) प्रति,
४. निवेदन दिने व्यक्ति वा परिवारमा अपाङ्गता भएका व्यक्ति भएमा अपाङ्गता परिचयपत्रको छाँयाप्रति,
५. निवेदन दिने व्यक्तिको सीपमूलक तालिम लिएको भए तालिम प्रमाणपत्रको छाँयाप्रति,
६. निवेदन दिने व्यक्ति वैदेशिक रोजगारबाट फर्किएको वा श्रम स्वीकृत लिई रोजगारीमा जान नपाएको भएमा उक्त व्यहोरा खुल्ने प्रमाणपत्रको छाँयाप्रति,
७. निवेदन दिने व्यक्ति भूमिहीन वा सुकुम्बासी भएमा सो व्यहोरा खुल्ने प्रमाणको छाँयाप्रति ।

२०८१।११।०८
ओम बहादुर आले मगर
अधिकृत आठौं